महुली लघुवित्त वित्तीय संस्था लिमिटेड
Mahuli Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
रजिष्टर्ड कार्यालय अग्नीसाइर कृष्णासवरण-६, महुली, सप्तरी
फोन नं.०३१-४११००५/६, फ्याक्स नं. ०३१-४११००८
E-mail: info@mslbsl.com.np, Website: www.mslbsl.com.np

12th ANNUAL GENERAL MEETING
2081-11-23

MEETING MINUTE BOOK

PREPARED BY:

AGANISAIR KRISHNASAWARAN-6, MAHULI, SAPTARI
HEAD OFFICE MAHULI, SAPTARI

महुली लघुवित्त वित्तीय संस्था लिमिटेड
अग्नीसाइर कृष्णासवरण- ६, महुली सप्तरी
१२ औं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण तथा निर्णय

१. **वैधानिक सभा :**

यस महुली लघुवित्त वित्तीय संस्था लिमिटेडको संचालक समितिको मिति २०८१/१०/२३ गते बुधबार बसेको १६१ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन तथा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली बमोजिम यस वित्तीय संस्थाको नियमित तर्फ १२ औं र साविकको नव किरण लघुवित्त वित्तीय संस्था लिमिटेड संग गाभ्ने/गाभिने (मर्जर) पश्चातको पाँचौ वार्षिक साधारण सभा संस्थाका अध्यक्ष श्री प्रभु नारायण चौधरी ज्यूको सभापतित्वमा निम्नलिखित स्थान, मिति र समयमा तपशिलका विषयहरु उपर छलफल एवं निर्णय भई देहाय बमोजिम नियमित तर्फको १२ औं वार्षिक साधारण सभा सम्पन्न भयो ।

२. **सभा भएको स्थान, मिति र समय :**

२.१ स्थान : महुली लघुवित्त वित्तीय संस्था लिमिटेको केन्द्रीय कार्यालय, अग्नीसाइर कृष्णासवरण - ६, महुली, सप्तरी

२.२ मिति : २०८१/११/२३ गते शुक्रबार (तदनुसार ७ मार्च २०२५)

२.३ समय : विहान ११.०० बजे

३. **सभाको सुचना सम्बन्धी जानकारी :**

कम्पनी ऐन, २०६३ को दफा ६७ को प्रावधान अनुसार वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने बिषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिका लागि शेयरधनिहरुलाई सूचना पठाउनुको साथै सोही व्यहोराको सूचना सहितको संक्षिप्त वार्षिक आर्थिक प्रतिवेदन प्रथम पटक मिति २०८१ माघ २४ गते र दोस्रो पटक मिति २०८१ फाल्गुन ५ गतेको क्रमश: नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरी सो सुचना तथा आ.ब. २०८०/०८१ को वार्षिक प्रतिवेदन, सभाको प्रवेशपत्र तथा प्रोक्सी फारमहरु कम्पनीका शेयरधनी महानुभावहरुलाई जानकारीको लागि वित्तीय संस्थाको वेवसाईट www.mslbsl.com.np मा राखिएको थियो । साथै शेयरधनीहरुको मोवाईलमा फोन, एस.एम.एस. तथा रेकर्डमा रहेको ईमेल ठेगानामा पनि वार्षिक साधारण सभा सम्बन्धी जानकारी पठाईएको जानकारी का.मु प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव श्री सरोज कुमार सिंहले दिनु भयो।

४. **सभाको विषय सूची :**

वार्षिक साधारण सभाको छलफलको विषयहरु :

(क) साधारण प्रस्तावहरू :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ असार मसान्तसम्मको वासलात, २०८० श्रावण १ गते देखी २०८१ असार मसान्त सम्मको नाफा-

नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसुचीहरु उपर छलफल गरी स्वीकृत गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/०८२ को लागी लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधीत्व गर्ने ४ (चार) तथा सर्वसाधारण शेयर धनीको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकको निर्वाचन गर्ने ।

ख) विशेष प्रस्तावहरु

१. थप सार्वजनिक निष्काशन (FPO) बाट प्राप्त रु. ४,७५,४४,५१५।- शेयरलाई चुक्ता पूँजीमा वृद्धि गरी वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा उपरोक्त संशोधनहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतबाट स्वीकृती लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन/परिवर्तन गर्न निर्देशन भएमा वा भाषिक फेरबदल गर्नु पर्ने भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

२. बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम यस वित्तीय संस्थाको संस्थापक शेयरलाई सर्वसाधारण शेयर समुहमा परिणत गर्ने तथा सो सम्बन्धमा कार्य गर्न गराउन सम्बन्धीत निकायबाट स्वीकृती लिई पूँजी संरचना परिवर्तन गर्न वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो सम्बन्धमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृती लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन/परिवर्तन गर्न निर्देशन भएमा वा भाषिक फेरबदल गर्नु पर्ने भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

३. संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने(मर्जर) तथा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, सम्झदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वहरुको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षक वा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृती लिने तथा सो सन्दर्भमा नियमक निकायहरुबाट निर्देशन गरे बमोजिमका विबरण उपलव्ध गराउने लगायतका सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी दिने ।

ग) विविधः

५. **सभाको सञ्चालन :**

सभाको सञ्चालन संस्थाका अधिकृत श्री विकल काफ्ले र का.मु प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव श्री सरोज कुमार सिंहले गर्नु भएको थियो ।

६. **उपस्थिति :**

६.१ **संचालकहरुको उपस्थिति :**

१२ औं वार्षिक साधारण सभामा सञ्चालकहरुको उपस्थिति निम्नानुसारको रहेको थियो ।

क्र.सं.	सञ्चालकको नाम	पद	प्रतिनिधित्व	ग्राहण गरेको शेयर कित्ता
१	श्री प्रभु नारायण चौधरी	अध्यक्ष	संस्थापक समूह	४७,५२२
२	श्री कमल प्रसाद बस्याल	सञ्चालक	संस्थापक समूह	९५,१८३
३	श्री निमानन्द कडेल	सञ्चालक	सर्वसाधारण समूह	२५९
४	श्री श्रीप्रसाद चौधरी	सञ्चालक	संस्थापक समूह	९,२५३
५	श्री सन्तोष कुमार लुईटेल	स्वतन्त्र सञ्चालक		०
६	श्री मोहन हरि आचार्य	सञ्चालक	संस्थापक समूह	५०,२७४

६.२ **पदाधिकारी तथा कर्मचारीहरुको उपस्थिती :**

क) श्री सरोज कुमार सिंह - का.मु.कार्यकारी अधिकृत/कम्पनी सचिव

ख) श्री ललित प्रसाद चौधरी- प्रवन्धक (कर्जा तथा व्यवसाय प्रवर्द्धन विभाग प्रमुख)

ग) श्री रमेश चौधरी - प्रवन्धक (सामान्य प्रशासन तथा मानव संसाधन विभाग प्रमुख)

घ) श्री हरि प्रसाद कोईराला - प्रवन्धक (अनुगमन निरिक्षण तथा आन्तरिक लेखापरीक्षण विभाग प्रमुख)

ङ) श्री रुसियन चौधरी - सहायक प्रवन्धक (तालिम तथा सामाजिक विकास विभाग प्रमुख)

च) श्री अनुप श्रेष्ठ - सहायक प्रवन्धक (सूचना प्रविधी विभाग प्रमुख)

छ) श्री विजय यादव - सहायक प्रवन्धक (असुली तथा जोखिम व्यवस्थापन)

ज) श्री विरु लामा - वरिष्ट अधिकृत (वित्त व्यवस्थापन तथा योजना विभाग)

लगायत अन्य अधिकृत तथा सहायक स्तरका कर्मचारीहरु समेत गरि कुल २५ जनाको उपस्थिती रहेको थियो ।

६.३ **शेयरधनीहरुको उपस्थिती (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम) :**

हाल वित्तीय संस्थाको कायम कुल चुक्ता पूँजी रु. ३६,९९,२३,५००।- को रु. १०० अंकित दरका ३६,९९,२३५ कित्ता शेयर मध्ये देहाय बमोजिमको प्रतिनिधित्व गर्ने शेयरधनीहरुः

१. **उपस्थिती संख्याः**

(क) शेयरधनी स्वयं उपस्थित : ७४ जना

(ख) शेयरधनी प्रतिनिधी (प्रोक्सी) : ४८ जना

२. **शेयरधनीहरुको उपस्थिती प्रतिशतः**

(क) शेयर प्रतिनिधित्व संख्या: २४,३९,३४९ कित्ता शेयर (स्वयं प्रतिनिधित्व - १४,३९,०८५ कित्ता र प्रोक्सी प्रतिनिधित्व - १०,००,२६४)

(ख) शेयर संख्याको प्रतिनिधित्व प्रतिशत : ६५.९४ प्रतिशत

जम्मा चुक्ता भएको शेयर कित्ता	चुक्ता भएको शेयरधनी संख्या	शेयरको किसिम	उपस्थिती					जम्मा शेयर कित्ताको प्रतिनिधीत्व प्रतिशत
			स्वयं उपस्थितभई प्रतिनिधीत्व गरेको शेयर कित्ता	स्वयं उपस्थित शेयरधनी संख्या	प्रतिनिधी (प्रोक्सी) मार्फत प्रतिनिधीत्व गरेको शेयर कित्ता	प्रतिनिधी (प्रोक्सी) मार्फत उपस्थित शेयरधनी संख्या	कुल शेयर कित्ता	
२५८९४६२.५४	१५४	संस्थापक शेयर	१४३५६४४	६०	८८७५०४	३५	२३२३१४८	६२.८०%
११०९७७२.४६	४९८०५	सर्वसाधारण शेयर	३४४१	१४	११२७६०	१३	११६२०१	३.१४%
३६,९९,२३५.००	४९९५९	**कुल जम्मा**	१४३९०८५	७४	१०००२६४	४८	२४३९३४९	६५.९४%

(ग) वार्षिक साधारण सभा प्रयोजनका लागी मिति २०८१/११/९ गते शुक्रबार १ दिन शेयर दाखिल खारेज दर्ता बन्द (Book Close) रहेको र मिति २०८१ साल फाल्गुन ८ गते विहिबार सम्ममा सभामा सहभागी हुन पाउने संस्थापक शेयरधनी - १५४ जना र सर्वसाधारण शेयरधनी ४९८०५ जना गरी कुल शेयरधनी संख्या ४९,९५९ जना मध्ये उपस्थित सबै शेयरधनी महानुभावहरु सभामा सहभागि भई मतदान गर्न योग्य थिए ।

७. **सभाको वैधानिकता र गणपुरक संख्या :**

वार्षिक साधारण सभा हुनु अघि वित्तीय संस्थाको कम्पनी सचिबले उपस्थित शेयरधनीहरुलाई संस्थाको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम शेयरधनीहरुलाई सुचना दिईएको तथा कम्पनी ऐनको दफा ७३(२) तथा यस वित्तीय संस्थाको नियमावलीमा उल्लेख भए बमोजिम सभामा ५० प्रतिशत भन्दा बढी अर्थात ६५.९४ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागी आवश्यक गणपुरक संख्या पुगेकोले सभा सञ्चालन गर्न कानून बमोजिम रित पुगी कम्पनी ऐन २०६३ को दफा ६९ बमोजिम सभा सञ्चालन गर्न बैधानीक रहेको व्यहोरा सभालाई जानकारी दिनुभयो ।

तत्पश्चात् कम्पनी ऐन, २०६३ को दफा ७३ अनुसार गणपुरक संख्या पुगेको सभाले सभा सञ्चालन गर्न मञ्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय-सूचीको क्रमानुसार जान र तत्सम्बन्धमा प्रचलित ऐन बमोजिम काम कारवाही अगाडी बढाउन सहमति दियो ।

८. **सभाको सभापतित्व :**

सभाको वैधानिकता पूरा भएपछि कम्पनी ऐन, २०६३ को दफा ७४ र वित्तीय संस्थाको नियमावलीको नियम १९ अनुसार वित्तीय संस्थाका सञ्चालक समिति अध्यक्ष श्री प्रभु

नारायण चौधरी ज्यूलाई वार्षिक साधारण सभाको सभापतित्व गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नुभयो र सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व ग्रहण गर्नु भयो ।

९. सभाको समउद्घाटन र सभा सञ्चालन :

वित्तीय संस्था सञ्चालक समितिका अध्यक्षले वित्तीय संस्थाको नियमित तर्फ १२ औं र साविकको नव किरण लघुवित्त वित्तीय संस्था लिमिटेड संग गाभ्ने/गाभिने (मर्जर) पश्चातको पाँचौ वार्षिक साधारण सभाको सभापतित्व ग्रहण गरेपछि कम्पनी सचिवको अनुरोध अनुसार संस्थाका अध्यक्ष तथा कार्यक्रमका सभापति श्री प्रभु नारायण चौधरीज्यूले पानसमा बत्ती बालेर सभाको समउद्घाटन गर्नु भयो । सभाको उद्घाटन पछि सभापतिज्यूको निर्देशनानुसार कम्पनी सचिवले सभा सञ्चालन गर्नु भयो ।

१०. स्वागत मन्तव्य :

सभापतिज्यूको अनुमति लिई संस्थाका का.मु.प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव श्री सरोज कुमार सिंहले सभामा उपस्थित सञ्चालक समितिका सदस्य, शेयरधनी महानुभावहरु एवं अन्य आमन्त्रित महानुभावहरुलाई हार्दिक स्वागत गर्नु भयो ।

११. सञ्चालक समितिको प्रतिवेदन प्रस्तुती :

आज बसेको संस्थाको १२ औं वार्षिक साधारण सभाको अध्यक्षता गर्नुहुने यस वित्तीय संस्थाको सञ्चालक समितिका अध्यक्ष श्री प्रभु नारायण चौधरीज्यूले सर्वप्रथम सभामा उपस्थित हुनुभएका सञ्चालक तथा शेयरधनी ज्यूहरुको परिचय गराउदै सबैलाई स्वागत गर्नु भयो साथै वार्षिक साधारण सभामा अध्यक्षज्यूले आ.व. २०८०/०८१ मा गरिएका क्रियाकलापहरु तथा वित्तीय विबरण सहितको संचालक समितिको तर्फबाट तयार पारिएको प्रतिवेदन सभा समक्ष पढेर सुनाउनु भयो र उपस्थित शेयरधनीज्यूहरुले सो उपर वा अन्य विविध पक्षका वारेमा आ-आफ्नो प्रतिकृया, राय/विचार, जिज्ञासा र सल्लाह सुझावका लागी अनुरोध गर्नुभयो ।

१२. छलफलमा देहायका शेयरधनीज्यूहरुले आफ्नो राय/विचार, जिज्ञाशा, सल्लाह, सुझाव तथा मन्तव्य व्यक्त गर्नुभयो ।

१.	श्री श्याम कान्त चौधरी	-	संस्थापक शेयरधनी
२.	श्री ललित नारायण यादव	-	संस्थापक शेयरधनी
३.	श्री रोशन कुमार मंडर	-	संस्थापक शेयरधनी
४.	श्री सिताराम साह	-	संस्थापक शेयरधनी

१३. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू मार्फत प्रस्तुत गरिएको प्रतिवेदनमा शेयर धनीहरुको तर्फबाट व्यक्त गर्नुभएको जिज्ञासा, मन्तव्य र सुझावहरुको लागी शेयरधनीहरु श्री श्याम कान्त चौधरी, श्री ललित नारायण यादव, श्री रोशन कुमार मंडर, श्री सिताराम साहलाई अध्यक्षज्यूले धन्यवाद दिंदै शेयरधनीहरुको व्यक्त विचार प्रति वित्तीय संस्थाको धारण राख्दै सुझावहरुलाई यथासम्भव कार्यान्वयनमा लैजाने प्रतिवद्धता व्यक्त गर्नु

भयो । साथै तपसिलका विषयहरुमा अध्यक्ष ज्यूले **जिज्ञासाको चित्तबुझ्दो प्रत्युतर दिनु भयो** ।

क) वित्तीय विवरण तथा वार्षिक प्रतिवेदन सम्बन्धमा ।
ख) लाभांश वितरण नगर्नुको कारण सम्बन्धमा ।
ग) मर्जर सम्बन्धमा ।
घ) वित्तीय संस्थाको पूँजी ।
ङ) संस्थापक शेयर सर्वसाधारणमा परिवर्तन गर्ने सम्बन्धमा ।
च) एफ.पि.ओ. सम्बन्धमा ।
छ) खराब कर्जा सम्बन्धमा ।

अध्यक्ष ज्यूले साधारण सभामा वर्तमान समयमा लघुवित्तमा देखिएका समस्या र चुनौतीहरुको बारेमा सञ्चालक समिति तथा व्यवस्थापन समूह जानकार रहेको जानकारी गराउदै यस्ता समस्या तथा चुनौतीहरुसंग जुध्न र संस्थालाई बचाएर अगाडी बढाउन आवश्यक छलफल तथा नीतिगत काम कारवाहीहरु भई रहेको समेत स्पष्ट पार्नु भएको थियो । तत्पश्चात छलफलको क्रम समाप्त भएको कम्पनी सचिवले सभामा जानकारी गराउनु भएको थियो।

१४. सभाको निर्णयहरु :

(क) साधारण प्रस्ताव तर्फको निर्णयहरु :

प्रस्ताव नं. क (१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

निर्णय नं. क (१) : सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरियोस भनी सभापति ज्यूबाट प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

प्रस्ताव नं. क (२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ असार मसान्तसम्मको वासलात, २०८० श्रावण १ गते देखी २०८१ असार मसान्त सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसुचीहरु उपर छलफल गरी स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं. क (२) : लेखापरीक्षकको प्रतिवेदन सहित महुली लघुवित्त वित्तीय संस्था लिमिटेडको आ.ब. २०८०/०८१ असार मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसुचीहरु उपर छलफल गरी स्वीकृत गरियोस भनी सभापति ज्यूबाट प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

प्रस्ताव नं. क (३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/०८२ को लागी लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

यस वित्तीय संस्थाको आर्थिक वर्ष २०८१/०८२ को वैधानिक लेखापरीक्षणको लागी तपशिल अनुसारका तीन वाट चार्टर्ड एकाउन्टेन्टस फर्महरुको ईच्छा पत्र प्राप्त भएको थियो ।

तपशिल

क्र.सं.	फर्मको नाम	प्रोपराईटर	लेखापरीक्षण पारिश्रमिक कर बाहेक	कर	भ्रमण, यातायात, खाना, खाजा र बास खच	लेखापरीक्षण पारिश्रमिक कर सहित
१.	डि.जि.बि.ए. एसोसिएट्स, काठमाण्डौं-१६, काठमाण्डौ	सि.ए. धान बहादुर गलानी	३,००,०००।-	थप लाग्ने	नलाग्ने	३,३५,०००।-
२.	आर.आर.पि. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाण्डौं-३२, काठमाण्डौं	सि.ए. ऋषी राम चालिसे	४,००,०००।-	थप लाग्ने	नलाग्ने	४,५२,०००।-
३.	श्रेष्ठ एण्ड न्यौपाने एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाण्डौं	सि.ए. सुमन श्रेष्ठ	४,५०,०००।-	थप लाग्ने	नलाग्ने	५,०८,५००।-

उपरोक्त ईच्छा पत्र अनुसार लेखापरीक्षण समितिको मिति २०८१/१०/२१ गतेको ५० औं बैठकले आ.ब. २०८१/०८२ को बैधानीक लेखापरीक्षण गर्नको लागी प्राप्त ३ वटा ईच्छा पत्र प्राप्त भएको मध्ये तिन वटै वैधानिक दर्ता वाल फर्म भएकाले यस संस्थाको वैधानिक लेखापरीक्षण गर्न योग्य र सक्षम देखिन्छन भने तागत प्रभावकारीताका हिसावले डि.जि.बि.ए. एसोसिएट्स, काठमाण्डौं-१६, काठमाण्डौले मु.अ.कर वाहेक र अन्य खर्च नलाग्ने गरि रु ३०००००।- (अक्षरेपी तिन लाख मात्र।), आर.आर.पि. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाण्डौं-३२, काठमाण्डौंले मु.अ.कर वाहेक र अन्य खर्च नलाग्ने गरि रु ४,००,०००।- (अक्षरेपी चार लाख मात्र ।) र श्रेष्ठ एण्ड न्यौंपाने एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाण्डौंले मु.अ.कर वाहेक र अन्य खर्च नलाग्ने गरि रु ४,५०,०००।-(अक्षरेपी चार लाख पँचास हजार मात्र ।) लेखापरीक्षण शुल्क प्रस्ताव गरेको हुँदा डि.जि.बि.ए. एसोसिएट्स, काठमाण्डौं-१६, काठमाण्डौले प्रस्ताव गरेको शुल्क अन्यको तुलनामा न्युन देखिएकाले उक्त फर्मलाई छनौट गर्न उपयुक्त हुने राय सहित आ.व. २०८१/८२ को बैंधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म लेखापरीक्षण र कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन तथा सूचिकृत संगठिक संस्थाहरुको संस्थागत सुशासन सम्बन्धि निर्देशिका, २०७४ बमोजिमको प्रतिवेदन प्रमाणिकरण समेत गर्नको लागी माथी उल्लेखित लेखापरीक्षक फर्महरु मध्येवाट प्रस्तावित शुल्क (पारिश्रमिक) लागु हुने गरि लेखापरीक्षकमा नियुक्त गर्न साधारण सभामा सिफारिस प्राप्त भएको छ ।

निर्णय नं. क (३) : साधारण सभाले कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिले सिफारिस गरेको ३ वटा लेखापरीक्षक फर्महरु मध्ये प्रस्तावित न्यून शुल्क (पारिश्रमिक) सहितको ईच्छ्यापत्र पेश गर्नु हुने डि.जि.बि.ए. एसोसिएट्स, काठमाण्डौं-१६, काठमाण्डौलाई नै आ.ब. २०८१/०८२ को बैंधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्फर्म लेखापरीक्षण र कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन तथा सूचिकृत संगठिक संस्थाहरुको संस्थागत सुशासन सम्बन्धि निर्देशिका, २०७४ बमोजिमको प्रतिवेदन प्रमाणिकरण समेत गर्नको लागी लेखापरीक्षक डि.जि.बि.ए. एसोसिएट्स, काठमाण्डौं-१६, काठमाण्डौलाई नियुक्त गर्ने तथा निजको पारिश्रमिक रु. ३,३९,०००।- (अक्षरेपी रु. तिन लाख एन्नचालिस हजार मात्र) मु.अ.कर र अन्य खर्चहरु (यातायात, खाना, खाजा र बाँस खर्च) सहित उपलव्ध गराउने सम्बन्धी निर्णय सर्वसम्मतीबाट पारित गरियो ।

प्रस्ताव नं. क (४) संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधीत्व गर्ने ४ (चार) तथा सर्वसाधारण शेयर धनीको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकको निर्वाचन गर्ने ।

निर्णय नं. क(४) : संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधीत्व गर्ने ४ (चार) तथा सर्वसाधारण शेयर धनीको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धको उपर छलफल गर्दा १२ औं वार्षिक साधारण सभामा यस संस्थाको सञ्चालक समितिमा संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधीत्व गर्ने ४ (चार) तथा सर्वसाधारण शेयर धनीको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचनको लागी मिति २०८१/१०/३० गते बसेको सञ्चालक समितिको १६२ औं बैंठकको निर्णय अनुसार यस वित्तीय संस्थाको स्वीकृत सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०७७ बमोजिम निर्वाचन कार्यक्रमहरु सम्पन्न गराउनका लागि अधिवक्ता श्री केशव प्रसाद दासलाई निर्वाचन अधिकृत नियुक्त गरि सोही निर्देशिका अनुसार निर्वाचन कार्यक्रम तय गरि प्रकाशित गरिएकोमा उक्त कार्यक्रम अनुसार निर्वाचनमा संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिजिधीत्व गर्ने ४ जना सञ्चालकहरुमा श्री श्याम कान्त चौधरी, श्री मोहन हरि आचार्य, श्रीमती रमोला अमात्य राजभण्डारी र श्री श्री प्रसाद चौधरी र सर्वसाधारणको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधीत्व गर्ने २ जना सञ्चालकहरुमा श्री निमानन्द कडेल र श्री भुपति राज पाण्डे आगामी ४ (चार) वर्षको लागी सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा निर्वाचन अधिकृत श्री केशव प्रसाद दासले सभा समक्ष घोषणा गरी जानकारी गराउनु भएकोमा सोलाई सर्वसम्मतिबाट पारित गरियो ।

तपसिल

क्र.सं.	नाम	पद	समूह
१.	श्री श्याम कान्त चौधरी	सञ्चालक	संस्थापक
२.	श्री मोहन हरि आचार्य	सञ्चालक	संस्थापक
३.	श्री रमोला अमात्य राजभण्डारी	सञ्चालक	संस्थापक
४.	श्री श्री प्रसाद चौधरी	सञ्चालक	संस्थापक
५.	श्री निमानन्द कडेल	सञ्चालक	सर्वसाधारण
६.	श्री भुपत्ति राज पाण्डे	सञ्चालक	सर्वसाधारण

१४ (ख) विशेष प्रस्ताव तर्फको निर्णयहरु :

प्रस्ताव नं. ख(१) थप सार्वजनिक निष्काशन (FPO) बाट प्राप्त रु. ४,७५,४४,९१५।- शेयरलाई चुक्ता पूँजीमा वृद्धि गरी वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा उपरोक्त संशोधनहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतबाट स्वीकृती लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन/परिवर्तन गर्न निर्देशन भएमा वा भाषिक फेरवदल गर्नु पर्ने भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

निर्णय नं. ख (१) : थप सार्वजनिक निष्काशन (FPO) बाट प्राप्त रु. ४,७५,४४,९१५।- शेयरलाई चुक्ता पूँजीमा वृद्धि गरी वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा उपरोक्त संशोधनहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतबाट स्वीकृती लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन/परिवर्तन गर्न निर्देशन भएमा वा भाषिक फेरवदल गर्नु पर्ने भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने भनि सभापतिज्यूबाट प्रस्तुत हुँदा उक्त विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो । थप सार्वजनिक निष्काशन (FPO) बाट प्राप्त रु. ४,७५,४४,९१५।- शेयरलाई चुक्ता पूँजीमा वृद्धि गरी वित्तीय संस्थाको प्रवन्धपत्र तपशिल अनुसार संशोधन गर्ने विशेष प्रस्तावलाई सभाबाट सर्वसम्मतिले स्वीकृत गरियो ।

प्रवन्धपत्र तर्फको संशोधन

दफा ६ (ग)

वित्तीय संस्थाको चुक्ता पूँजी रु. ३६,९९,२३,५००।- (अक्षरेपी छतीस करोड उन्नसय लाख तेईस हजार पाँच सय मात्र) हुनेछ ।

प्रस्ताव नं. ख (२) बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम यस वित्तीय संस्थाको संस्थापक शेयरलाई सर्वसाधारण शेयर समुहमा परिणात गर्ने तथा सो सम्बन्धमा कार्य गर्न गराउन सम्बन्धीत निकायबाट स्वीकृती लिई पूँजी संरचना परिवर्तन गर्न वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो सम्बन्धमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृती लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन/परिवर्तन गर्न निर्देशन भएमा वा भाषिक फेरवदल गर्नु पर्ने भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९ को ४, दफा ११ को ४ र नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिका, २०८१ को निर्देशन नं. (१३) मा भएको व्यवस्था बमोजिम संस्थापक शेयर सर्व साधारण शेयरमा परिणात गर्न योग्य देखिन्छ ।

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिका, २०८१ को निर्देशन नं. (१३) मा भएको व्यवस्था " **बैंक तथा वित्तीय संस्था**

सम्बन्धी ऐन, २०७३ को दफा ११ को उपदफा (४) को प्रयोजनको लागि देहायमा उल्लिखित शर्तहरुको अधीनमा रही ५१ प्रतिशतभन्दा बढी संस्थापक समूहको सेयर स्वामित्व रहेका संस्थाका संस्थापक सेयरधनीहरुले चाहेमा संस्थापक समूहको सेयर स्वामित्व कम्तीमा ५१ प्रतिशत कायम रहने गरी बाँकी संस्थापक सेयर सर्वसाधारण सेयरमा परिणत गर्न सक्नेछन् ।" त्यस्तै निर्देशन नं. १३ (च) मा **"यस व्यवस्था अनुरुप संस्थापक समुहको स्वामित्वमा रहेको सेयर सर्वसाधारण सेयरमा परिणत गर्ने कार्य पुँजीबजार, बैंकिङ लगायत समग्र वित्तीय क्षेत्रमा पर्ने प्रभाव समेतलाई विचार गरी एकपटकमा बढीमा १० प्रतिशत बिन्दुसम्म गर्न सकिनेछ ।"** भन्ने व्यवस्था रहेको छ ।
उपरोक्त अनुसार हाल यस वित्तीय संस्थाको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९(१) बमोजिम संस्थापक र सर्वसाधारण समूहको शेयर अनुपात न्यूनताम ७०, ३० प्रतिशत शेयर कायम हुनु पर्नेमा मर्जरको कारण अनुपात घटेको र सो परिपुर्ती गर्न वित्तीय संस्थाको १० औं वार्षिक साधारणसभावाट विशेष प्रस्तावको रुपमा (**FPO**) जारि गर्ने निर्णय पारित भए पश्चात मर्जर पश्चात शेयर अनुपात ७०,३० कायम गरी पूँजी संरचना मिलान गर्न प्रति शेयर ने.रु. १००।- (अक्षरेपी एक सय रुपैया मात्र ।) दरको ४,७५,४४९।१५ कित्ता साधारण शेयर प्रचलित कानून बमोजिम अंकित मूल्यमा थप सार्वजनिक निष्काशन (**FPO**) गर्ने कार्य सम्पन्न भई हाल यस वित्तीय संस्थाको पूँजी संरचना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९(१) बमोजिम सर्वसाधारण तर्फको शेयर स्वामित्व ३० प्रतिशत कायम भई सकेको र संस्थापक शेयरको स्वामित्व समेत ७० प्रतिशत कायम रहेको छ ।

निर्णय नं. ख (२) : बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम यस वित्तीय संस्थाको संस्थापक शेयरलाई सर्वसाधारण शेयर समुहमा परिणत गर्ने तथा सो सम्बन्धमा कार्य गर्न गराउन सम्बन्धीत निकायबाट स्वीकृती लिई पूँजी संरचना परिवर्तन गर्न वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो सम्बन्धमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृती लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन/परिवर्तन गर्न निर्देशन भएमा वा भाषिक फेरवदल गर्नु पर्ने भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने भनि सभापतिज्यूबाट प्रस्तुत हुँदा उक्त विशेष प्रस्ताव बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९(१) बमोजिम संस्थापक र सर्वसाधारण समूहको शेयर अनुपात न्यूनताम ७०, ३० कायम भएकोले यस वित्तीय संस्थामा संस्थापक तर्फ रहेको ७० प्रतिशतको शेयर स्वामित्वमा १० प्रतिशत विन्दुले संस्थापक शेयरको स्वामित्व नियमानुसार सर्वसाधारण शेयरमा परिणत गरी ६० प्रतिशत संस्थापक शेयर स्वामित्वमा र ४० प्रतिशत सर्वसाधारणको शेयर स्वामित्व कायम हुने गरि संस्थापक शेयरलाई सर्वसाधारण शेयर समुहमा परिणत गर्ने तथा सो सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिका, २०८१ को निर्देशन नं. १३ (घ) बमोजिम प्रक्रिया लगायत कार्य गर्न गराउन सम्बन्धीत निकायबाट स्वीकृती लिई पूँजी संरचना परिवर्तन गर्न वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो सम्बन्धमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृती लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन/परिवर्तन गर्न निर्देशन भएमा वा भाषिक फेरवदल गर्नु पर्ने भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सर्वसम्मतीबाट निर्णय पारित गरियो।

प्रस्ताव नं. ख (३) संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने(मर्जर) तथा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, सम्झदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वहरुको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षक वा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृती लिने तथा सो सन्दर्भमा नियमक निकायहरुबाट निर्देशन गरे बमोजिमका विबरण उपलव्ध गराउने लगायतका सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी दिने ।

निर्णय नं. ख (३) : संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने(मर्जर) तथा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, सम्झदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वहरुको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षक वा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृती लिने तथा सो सन्दर्भमा नियमक निकायहरुबाट निर्देशन गरे बमोजिमका विबरण उपलव्ध गराउने लगायतका सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी दिने सम्बन्धमाको विशेष प्रस्ताव पारित गरियोस भनी सभापतिज्यूले सभामा निर्णयार्थ प्रस्तुत गर्नुभएको उक्त विशेष प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

(ग) विविध : विविध बिषयमा कुनै प्रस्ताव नभएको सभापतिज्यूले जानकारी गराउनु भयो ।

१५. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :

सभामा प्रस्तुत गरिएका सम्पूर्ण प्रस्तावहरु सर्वसम्मत पारित भए पश्चात सभापतिज्यूले संस्थाको १२ औं वार्षिक साधारण सभामा शेयरसदस्य स्वयं एवं प्रतिनिधीपत्र मार्फत सहभागी हुनु भई सभा सुचारु रुपले सञ्चालन गर्न र सफल पार्न सहयोग गर्नु भएकोमा उपस्थित सबै शेयरधनीहरुलाई धन्यवाद ज्ञापन गर्दै दिउँसो २.३० मा सभापतिज्यूबाट १२ औं वार्षिक साधारण सभा बैधानिक रुपमा समाप्त भएको घोषणा गर्नु भयो ।

....		....
सरोज कुमार सिंह		प्रभु नारायण चौधरी
कम्पनी सचिव		अध्यक्ष

सभा सम्पन्न मिति : २०८१ फाल्गुन २३ गते शुक्रबार तदअनुसार मार्च ७, २०२५ ।